नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(अग्नी नियन्त्रण तथा विपद् व्यवस्थापन शाखा)

फोनः०१–४२००५३१
www.mofald.gov.np
Email: fcdmmofald123@gmail.com
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:-२०७४/७५
च.नं.:- ४१

मिति : २०७४।०८।०६

श्री जिल्ला समन्वय समिति कार्यालय (सबै शितलहर तथा हिमपात जोखिम) ।
श्री नगर कार्यपालिका (सबै शितलहर तथा हिमपात जोखिम) ।
श्री गाउँ कार्यपालिका (सबै शितलहर तथा हिमपात जोखिम) ।

**विषय : शीतलहर तथा हिमपात पूर्वतयारी सम्वन्धमा ।**

प्रस्तुत बिषयमा गृह मन्त्रालयको च.नं. ११६ मिति २०७४।०८।०६ गतेको पत्र मार्फत जाडोको समयमा चिसो एवम् शीतलहर तथा हिमपातबाट हरेक बर्ष श्वासप्रश्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्वन्धी समस्याबाट धेरै मानिसहरु बिरामी पर्ने र कतिपय बिरामी व्यक्तिको मृत्यु समेत हुने गरेको सन्दर्भमा यस बर्षको जाडोयाममा हुनसक्ने शीतलहर तथा हिमपातको जोखिमले हुन सक्ने विपद्को शतर्कता अपनाई देहाय बमोजिम आवश्यक व्यवस्था गर्न हुन आदेशानुसार अनुरोध छ ।

**तपशिल**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १. | जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी शीतलहर तथा हिमपातको जोखिमले हुन सक्ने विपद्को बारेमा सतर्कता अपनाउने । | जिल्ला समन्वय समिति / नगरपालिका/ गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक स्थानीय विपद् व्यवस्थापन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, विपद्को क्षेत्रमा काम गर्ने गैरसरकारी संघ/संस्थाहरु । |
| २. | शितलहर तथा हिमपातको पूर्वानुमान गरी आवश्यक न्यूनतम सामाग्री व्यवस्थापन गर्ने । | जिल्ला समन्वय समिति / नगरपालिका/ गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, विपद्को क्षेत्रमा काम गर्ने गैरसरकारी संघ/संस्थाहरु । |
| ३. | सामुदायिक एफ.एम. लगायतका मिडियाहरुबाट शितलहर तथा हिमपातको पूर्वतयारी प्रचार प्रसार अभियान सञ्चालन गर्ने । | जिल्ला समन्वय समिति / नगरपालिका/ गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक स्थानीय विपद् व्यवस्थापन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, विपद्को क्षेत्रमा काम गर्ने गैरसरकारी संघ/संस्थाहरु । |
| ४. | स्थानीय स्वयमसेवक तयारी तथा परिचालन गर्ने । | जिल्ला समन्वय समिति / नगरपालिका/ गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, विपद्को क्षेत्रमा काम गर्ने गैरसरकारी संघ/संस्थाहरु । |

२०७४।८।६

अमरदिप सुनुवार
शाखा अधिकृत

**बोधार्थ**

श्री गृह मन्त्रालय,राष्ट्रिय आपकालिन कार्यसञ्चालन केन्द्र, सिंहदरबार, काठमाण्डौ ।
श्री सूचना तथा विद्युतीय शासन शाखा :- यसै बमोजिमको पत्र बेभसाईटमा राखी दिनु हुन ।